प्रदेश सरकार
प्रदेश नं.५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

पत्र संख्याः २०७६/०७७
चलानी नं.:

मितिः २०७६।१०।२१

विषयः **खुला कविता प्रतियोगितामा सम्बन्धमा ।**

प्रस्तुत विषयमा प्रदेश स्थापना दिवसको अवसरमा प्रदेश सरकारको प्रमुख लक्ष्य **"समृद्ध प्रदेश, खुशी जनता"**को मर्म र भावनामा आधारित विषयवस्तुमा प्रदेश स्तरीय खुला कविता वाचन प्रतियोगिता आयोजना गरिएकाले इच्छुक व्यक्तीले सामाजिक विकास मन्त्रालयको युवा तथा खेलकुद शाखामा मिति २०७६/१०/२७ गते कार्यालय समय भित्र दर्ता गराइसक्नु पर्ने छ साथै मन्त्रालयको इमेल mosdfive@gmail.com मा मेल गरी समेत दर्ता गराउन सक्नुहुनेछ।इच्छुक प्रतियोगिलाई तपशिलमा उल्लेखित नियम र परिधिमा आधारित भई कविता वाचन प्रतियोगितामा तपशिलको मिति, समय र स्थानमा सहभागीताको लागि यो सूचना प्रकाशित गरिएको छ।

(वैकम के. सी.)
शाखा अधिकृत

**तपशिलः**

**मितिः** २०७६/११/०२

**समयः** विहान ११:०० बजे

**स्थानः** नविन औधोगिक माध्यामिक विद्यालयको सभाहल, देविनगर, बुटवल

**शर्तहरुः**

- दर्ता भएका कविताहरुलाई मुल्याङ्कन समितिबाट मुल्याङ्कन गरी मिति २०७६।१०।२९ गते छोटो सुची मन्त्रालयको वेवसाइट राखिनेछ साथै सूचना पाटीमा समेत टाँस गरिने छ। छोटो सुचीमा नामावली हुने प्रतियोगिहरु मात्र कविता वाचनका लागि उपस्थित हुनु पर्नेछ।
- कविता वाचनका लागि प्रदान गरिने समय जम्मा ५ मिनेट हुने भएकाले उपयुक्त आकारको कविता पेश गर्नुपर्नेछ।
- कवितामा अभिव्यक्त हुने आशय कुनै व्यक्ति वा संस्थालाई आक्षेप लगाउने खालको भएमा कवितालाई प्रतियोगितामा सहभागि गराइने छैन।
- प्रतियोगिले कविता नेपाली भाषामा आफै रचना गरेको हुनु पर्नेछ।

**पुरस्कार राशी**

प्रथमः रु.२५,०००

द्वितीयः रु.१५,०००

तृतीयः रु.१०,०००

सान्त्वनाः रु.५,००० (३ जनाको लागि)

सम्पर्कको लागिः ०७१-५५०६५०, ९८५११६०३७२